FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली
Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

Ref. Press release N-17-013-015

**गैरआवासीय नेपाली संघको हार्दिक अपिल ।**

मिति २०७१ श्रावण १७ गते विहान ३ बजे सुनकोशीको बहाबलाई नै थुन्ने गरी सिन्धुपाल्चोक जिल्लाको राम्चे गाउँ विकास समितिको इटिनी भिरमा गएको पहिरोले निकै ठूलो क्षति पुराएको प्रारम्भिक अनुमान गरिएको छ । क्षतिको पूर्ण विवरण नआएता पनि अहिले सम्ममा दर्जनौं घर पुरिएको, दर्जनौ व्यक्ति घाइते तथा सयौं जना व्यक्ति वेपत्ता भएका र हाल सम्म ९ जना व्यक्तिको मृत्यु भएको समाचार प्राप्त भएकोमा गैरआवासीय नेपाली संघ गहिरो दु:ख प्रकट गर्दछ ।

यस प्राकृतिक प्रकोपबाट दिवंगत हुनु भएका व्यक्तिहरुका परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै दिवगंत आत्माहरुको चीरशान्तिको लागि ईश्वरसंग प्रार्थना गर्दछ र यसका साथै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभ तथा बेपत्ता भएका व्यक्तिहरुको सकुशलताको लागि कामना गर्दछ ।

बेपत्ता भएका तथा यस प्राकृतिक प्रकोपबाट प्रभावित भएका नागरिकहरुको चाँडो भन्दा चाँडो उद्धारको लागि नेपाल सरकारसंग गैरआवासीय नेपाली संघ हार्दिक आग्रह गर्दछ ।

यस दु:खद घटनाबाट पिडित भएकाहरुको सहयोगको लागि विश्वभर फैलिएर रहेका गैरआवासीय नेपाली दिदीबहिनी तथा दाजुभाईहरुलाई गैरआवासीय नेपाली संघ हार्दिक अपिल गर्दछ ।

शेष घले,
अन्तर्राष्ट्रिय समन्वय परिषद,
गैरआवासीय नेपाली संघ ।
मिति : २०७१ श्रावण १९

NRNA Secretariat, FNCCI Building, Pachali Shahid Shukra FNCCI Milan Marg Teku, P O Box 269, Kathmandu, Nep
Tel: (+977-1) 4215247 / 4262255, Fax: (+977-1) 4262255, Email: nrn@nrn.org.np, Website: www.nrn.org.np